# झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्युठान
लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्याः २०८२/०८३

### सेवा करार सम्बन्धी सूचना !
(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०७/२४)

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान अन्तर्गतका क्रियाकलाप सञ्चालन सम्बन्धी मार्गदर्शन अनुसार "म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम तय गरी एक स्थनीय तहः एक जनस्वास्थ्य अधिकृत व्यवस्था गरे अनुसार सो कार्यक्रम कार्यान्वयन गर्न तथा यस कार्यालयमा रिक्त रहेको रोजगार संयोजक पदमा खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयमा रितपूर्वक दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद/तह | संख्या | योग्यता | आवेदन दस्तर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/८३ | जनस्वास्थ्य अधिकृत /सातौ | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य संकायमा कम्तिमा स्नातक तह (BPH) उत्तिर्ण गरेको । | १२००।- |
| २ | ०२/२०८२/८३ | रोजगार संयोजक अधिकृत/छैठौ | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको । | १२००।- |

**१. दरखास्तको साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरुः**

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

ख. शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपीहरु ।

ग. जनस्वास्थ्य अधिकृतको हकमा नेपाल स्वास्थ्य व्यवसायी परिषदमा (NHPC) दर्ता भएको वा नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

घ. हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति ।

(साथै म्याद नाधि वा रितपूर्वक नआएमा उक्त आवेदन उपर कारबाही हुने छैन ।

२. उमेर हदः रोजगार संयोजकको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र जनस्वास्थ्य अधिकृत/सातौको हकमा पुरुषको लागि २१ वर्ष पुरा भई ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. दरखास्त फारम पाईने स्थानः यस कार्यालयको वेबसाईट www.jhimrukmun.gov.np वा झिमरुक गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०८२/०८/०८ गतेसम्म दरखास्तको अन्तिम दिन सार्वजनिक विदा परेमा सोही दिनको भोलिपल्ट अन्तिम दिन मानिनेछ ।

५. परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

६. सेवा सुविधा: नियमानुसार ।

७.कार्य विवरण: रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ बमोजिम र जनस्वास्थ्य अधिकृत/सातौको हकमा कार्यविधिले तोके बमोजिम ।

८. कार्य अवधिः मिति २०८३ साल असार मसान्तसम्म ।

९. पाठ्यक्रमः जनस्वास्थ्य अधिकृत/सातौको हकमा सम्बन्धित विषयमा आधारित लिखित तथा अन्तर्वार्ता र रोजगार संयोजकको हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ बमोजिम हुने छ ।

१०. सूचनामा उल्लेख हुन छुट भएको विषयहरु लोकसेवा आयोगको प्रचलित कानुन बमोजिम हुनेछ ।

११. थप जानकारीको लागि ९८४७८५६१०४ मा सम्पर्क गर्न सकिनेछ ।

२०८२/०७/२४

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत